"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर
Lalitpur
३ प्रदेश, नेपाल
Province 3-, Nepal

फोनः ०१-५२०३५९२
Phone: 01-5203592

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. ३
लुभु/ठेचोखरी, ललितपुर
२०७३

## महालक्ष्मी नगरपालिकाका संस्थागत विद्यालयहरुको छात्रवृत्ति वितरण सम्बन्धी सूचना २०७६

महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा संचालन,व्यवस्थापन तथा नियमनका सम्वन्धमा वनेको कार्यविधी, २०७४ को दफा ८५ को उपदफा २ अनुसार सस्थागत विद्यालयहरुले उक्त विद्यालयमा अध्ययन गर्ने कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी देहायबमोजिमका जेहेन्दार, दलित,जनजाति, एवं सिमान्तकृत र सबै जातजातिका विपन्न विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएकोले शैक्षिक शत्र २०७६ मा सस्थागत विद्यालयमा भर्ना भएका विद्यार्थीहरुले तपसील बमोजिमका प्रक्रिया पूरा २०७६ जेठ १ गते देखि १५ गते सम्म निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । सस्थागत विद्यालयहरुले तथा वडा कार्यालयहरुले समेत यसै सूचनालाइ आधार मानी छात्रवृत्ति वितरणको व्यवस्था मिलाउनुहुन जानकारी गराइएको छ ।

१.शैक्षिक सत्र २०७५ को कक्षागत विद्यार्थी संख्याको आधारमा कम्तीमा १० प्रतिशत छात्रवृत्ति कोटा एकिन गर्ने ।

२.विद्यालयले छात्रवृत्ति कोटा समेत खुलाई कम्तीमा १५ दिनको समय दिई जेष्ठ १ विद्यार्थीबाट आवेदन लिन सार्वजनिक सुचना प्रकाशन गर्ने । छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीहरुवाट कुन कोटाका लागि आवेदन दिने हो सोसँग सम्बन्धित कागजात तथा वडाको शिफारिस सहित सम्बन्धित विद्यालयमा आवेदन दिने व्यवस्था मिलाउने ।

३.जेष्ठ १५ २०७६ पश्चात महालक्ष्मी नगरपालिका विद्यालय सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४ को नियम ८५को उपनियम ३ बमोजिमको विद्यालयमा रहेको छात्रवृत्ति वितरण **समितिको बैठक अनिवार्य रुपमा आयोजना गरी** आवेदनहरु छानविन गरी छात्रवृत्ति वितरणको व्यवस्था गर्ने तथा आवेदन भन्दा बढी आवेदन प्राप्त भएमा नगरपालिकाको शिक्षा विभागको समन्वयमा परीक्षाको मिति तोकि परीक्षा सञ्चालन गर्ने र तोकिएको कोटा बमोजिम नतिजा प्रकाशन गर्ने ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. ३
कमलपोखरी, ललितपुर
२०७३

४.छात्रवृत्ति प्रदान गर्दा सरकारी तथा गैरसरकारी क्षेत्रका अधिकृत वा अधिकृतस्तर भन्दा माथिका कर्मचारीहरुका वालवालिकाहरुलाई छात्रवृत्ति वितरणमा प्राथमिकता नदिने साथै परिवारको कुनै सदस्यको सरकारी वा गैरसरकारी क्षेत्रको नोकरी, व्यापार, व्यवसाय र आयआर्जनको व्यवस्था नभई अनिवार्य शिक्षाका लागि आवश्यक पर्ने सामाग्री उपलव्ध गराउन नसक्ने विद्यार्थीलाई विशेष प्राथमिकता दिनुपर्ने ।माथि उल्लेखित शर्तका अलावा स्थायी वासिन्दालाइ पहिलो प्राथमिकता प्रदान गर्ने ।

५. विद्यालयले नतिजा प्रकाशन गर्दा छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु, आमाको नाम, थर, वतन सहित जेष्ठ ३० गतेभित्र सार्वजनिक गर्ने र छनौटको प्रक्रियासहित असार १० गतेभित्र अनिवार्य रुपमा नगरपालिका शिक्षा शाखामा पेश गर्ने । यसरी प्राप्त नामावलीलाइ नगरपालिकाको वेवसाइटमा समेत प्रकाशन गरिनेछ ।

६.छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुबाट विद्यालयहरुले भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन पाइने छैन ।

७. विद्यालयले प्रदान गर्ने कुल १० प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्नु पर्नेछ ।

जेहेन्दार ३७ प्रतिशत

विपन्नता ३६ प्रतिशत

जनजाति १० प्रतिशत

दलित ५ प्रतिशत

अपाङ्ग ३ प्रतिशत

जनआन्दोलनमा घाइते ३ प्रतिशत

सहिद परिवार, वेपत्ता परिवार र मधेश आन्दोलनका घाइते २÷२ प्रतिशत

माथि उल्लेखित प्रत्येक आरक्षित समुहको ५० प्रतिशत कोटा छात्राहरुको लागि सुरक्षित गर्नु पर्नेछ ।

प्रमुख शिक्षा अधिकृत

# महालक्ष्मी नगरपालिका
## शिक्षा युवा तथा खेलकूद शाखा, ललितपुर ।
### छात्रवृत्तिका लागि आवेदन फारम, २०७६

१. विद्यार्थीको नाम थर:

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगाना: क) प्रदेश नं.　　　ख) जिल्ला:

ग) नगरपालिका　　　घ) टोल:

३. अभिभावकको नाम थर

क. बाबुको नाम, थर:　　　ख) पेशा:

ग) आमाको नाम, थर:　　　घ) पेशा:

४. विद्यार्थी वा निजले अभिभावकको मोवाइल नम्बर:

५. यस अघि कुनै छात्रवृत्ति पाए नपाएको:

६. आवेदन दिन चाहेको कक्षा:

७. अघिल्लो कक्षाको उत्तिर्ण प्रतिशत वा जिपिए:

८. एस.इ.इ को सिम्वोल नम्बर(कक्षा एघारको लागि मात्र):

९. कक्षा एघारमा अध्ययन गर्न चाहेको विषय समुह( कक्षा एघारको लागि मात्र):

१०. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएको:

११. गरिवी परिवार परिचय पत्र भए वा नभएको:

१२. भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमश: पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको वा नरहेको:

१३. आफुले कुन समुहबाट आवेदन दिन चाहेको हो( कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस)

| | |
|---|---|
| क) जेहेन्दार | ख) विपन्नता |
| ग) महिला | घ) अपाङ्गता |
| ङ) दलित | च) जनजाति |
| छ) जनआन्दोलनको घाइते | ज) वेपत्ता परिवार |
| झ) मधेश आन्दोलनको घाइतेको सन्तति | ञ) शहिद परिवार |

माथी उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सहूँला, बुझाउला ।

आवेदक/ अभिभावकको दस्तखत:

मिति:

हाल अध्ययनरत विद्यालयको नाम:

ठेगाना:

(आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुको विवरण)

१. अघिल्लो कक्षा उत्तिर्ण गरेको मार्कसिटको प्रतिलिपी,
२. जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपी,
३. बेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइते, मधेस आन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपी,
४. विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।
५ विद्यार्थी अस्थायी तथा स्थायी रुपले बसोवास गरिरहेको वडाको शिफारिस